CDO-KTM Reg. 355, SWC Reg. 26186

# GoGo Foundation

## असल शासन फाउण्डेशन (Good Governance Foundation)

*Promoting good governance, social accountability, quality public service delivery & right to information by creating accountable, transparent & participatory governance process*

Our Ref: 29/060-69

मिति: २०७० असोज ४ गते

**पार्टी घोषणापत्रमा भ्रष्टाचार नियन्त्रणमा प्राथमिकता दिन र**
**अपराधमा संलग्न व्यक्तिलाई उम्मेदबार नबनाउन गोगो फाउण्डेसनको अपिल !**

श्री अध्यक्ष/सभापतीज्यू,

| | |
|---|---|
| एकीकृत नेपाल कम्यूनिष्ट पार्टी (एमाओवादी) | नेपाली कांग्रेस |
| नेपाल कम्यूनिष्ट पार्टी (एमाले) | मधेसी जनअधिकार फोरम नेपाल |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | नेपाल कम्यूनिष्ट पार्टी (माले) |
| सद्भावना पार्टी | जनमोर्चा नेपाल |
| नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |
| राष्ट्रिय जनमोर्चा | राष्ट्रि जनशक्ति पार्टी |
| नेपाल मजदुर किसान पार्टी | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च |
| नेपाल सदभावना पार्टी (आ.) | राष्ट्रिय जनमुक्ति पार्टि |
| नेपाली जनता दल | नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत) |
| दलित जनजाति पार्टी | नेपा: राष्ट्रिय पार्टी |
| समाजवादी प्र. जनता पार्टी नेपाल | चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल |
| नेपाल लोकतान्त्रिक समाजवादी दल | नेपाल परिवार दल |

उपरोक्त सम्बन्धमा, आसन्न संविधानसभाको निर्वाचन प्रयोजनका लागि यहाँको पार्टीले ***"संविधानसभा निर्वाचन घोषणापत्र"*** तयार गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

विगत लामोसमयदेखि नेपालमा भ्रष्टाचार मौलाउँदै आएको वास्तविकतासँग यहाँको सम्पूर्ण पार्टीपंक्ति परिचित नै छ । मुलुकमा अनियन्त्रित भ्रष्टाचारले नेपालको स्थानीय, क्षेत्रियलगायत राष्ट्रियस्तरमा नकारात्मक प्रभाव पारेको छ । साथै विगत एक दशकदेखि नेपालमा व्याप्त भ्रष्टाचारको बारेमा विश्वव्यापी अनुसन्धानले पनि पुष्टि गरिसकेको छ । त्यसैगरी अनियन्त्रित भ्रष्टाचारकै कारण लोकतन्त्रको स्थायित्वमा नै नकारात्मक प्रभाव पारेको छ । त्यसैले अब नेपालमा भ्रष्टाचार छ कि छैन भनी निरर्थक बहस गरेर समय खेर फाल्नु हुँदैन भन्ने आम धारणा बन्दै गएको छ ।

देशको जिम्मेवार राजनीतिक नेतृत्वलगायत सरकार प्रमुखहरूबाट समयसमयमा भ्रष्टाचार घटाउने प्रतिबद्धता गर्ने गरिएको भए तापनि प्रभावकारी कदम भने चालिएको छैन । जसका कारण आमनागरिकहरूमा भ्रष्टाचार रोक्नै सकिन्न कि भन्ने धारणा बन्दै गएको छ ।

विशेषगरी भ्रष्टाचारले स्थानीयस्तरबाट प्रवाह गरिने सार्वजनिक सेवा (स्वास्थ्य, शिक्षा, कृषि, मालपोत, यातायात, विकास निर्माण, भंसार, वैदेशिक रोजगार आदि) लाई गहिरो प्रभाव पारेको छ । सेवाग्राही नागरिकहरू सेवालिनुपर्ने सार्वजनिक सेवाप्रदायक कर्मचारीबाट हतोत्साहित पारिँदै आएकाछन् । कर्मचारीले दिने सेवा नागरिकले किन्नुपर्ने बाध्यता सिर्जना गरिएका घटना दैनिक रूपमा सार्वजनिक हुने समाचार, टिप्पणी र गुनासाबाट स्पष्ट हुँदै आएकाछन् ।



PO Box: 11229 New Baneshwor-10, Kathmandu, Nepal Tel./Fax: +97714472929 Email: gogo-foundation@hotmail.com www.gogofoundation.org

त्यसैले आसन्न निर्वाचनका लागि तयार गर्न लागिएको चुनावी घोषणापत्रमा भ्रष्टाचारविरूद्ध *"सून्य सहनशीलता"* राख्ने र भ्रष्टाचार घटाउन वस्तुगत आधारसहित प्रतिवद्धता सार्वजनिक गर्नुहुन GoGo Foundation को तर्फबाट हार्दिक अपिल गरिन्छ । त्यसैगरी वस्तुगत रूपमा भ्रष्टाचार घटाउन उम्मेदवार छनोटदेखिने *"राजनीतिक सुद्धता"*को थालनी गर्न निम्नलिखित पृष्ठभूमि भएका व्यक्तिहरूलाई उम्मेदवारी दिनबाट रोक्न र घोषणापत्रमा भ्रष्टाचारविरुद्ध यहाँको पार्टीले लिने प्रतिवद्धतालाई स्पष्ट रुपमा उल्लेख गर्नु हार्दिक अपिल गरिन्छ :

***१) पार्टीले कस्ता व्यक्तिलाई उम्मेदवारी दिनुहुँदैन ?***

१.१ भ्रष्टाचार तथा फौजदारी अभियोगमा अदालतमा मुद्धा खेपीरहेका व्यक्तिलाई उम्मेदवार नबनाइयोस ।

१.२ संविधान निर्माणमा योगदान गर्न नसक्ने व्यक्तिलाई उम्मेदवारी नदिइयोस ।

१.३ छोटो समयमै अस्वाभाविक रूपमा संपत्ति आर्जन गरेर राज्यको छानविनको दायरामा परेका व्यक्तिलाई उम्मेदवार नबनाइयोस् ।

***२) पार्टी घोषणापत्रमा भ्रष्टाचारविरुद्ध पार्टीले लिनुपर्ने प्रतिबद्धता:***

२.१ नेपालमा असल शासन स्थापनाका लागि भ्रष्टाचारविरूद्ध "सून्य सहनशीलता" कायम गर्न गराउन पार्टिले प्रतिबद्धता जनाउनु पर्ने ।

२.२ निर्वाचित सदस्य कुनैपनि समयमा भ्रष्टाचारमा संलग्न भएको पाइएमा निजलाई तत्काल पदमुक्त गरी पार्टीको सम्पूर्ण जिम्मेवारीबाट समेत च्यूत गर्न पार्टिले प्रतिवद्धता जनाउनुपर्ने ।

२.३ संविधानसभामा निर्वाचित भएको ३५ दिन भित्र आफ्नोलगायत सम्पूर्ण परिवारको सम्पत्ति विवरण सार्वजनिक गराउन पार्टिले प्रतिवद्धता जनाउनु पर्ने ।

२.४ पार्टीले अपराधमा संलग्न भएका आपराधिक पृष्ठभूमि भएका कुनै पनि व्यक्तिलाई संरक्षण नगर्ने साथै कुनै जिम्मेवार नेताले संरक्षण गरेको पाइएमा निजलाई पनि जिम्मेवारीबाट च्यूत भएको मानी पदमुक्त गर्न पार्टिले प्रतिबद्धता जनाउनु पर्ने ।

२.५ भ्रष्टाचार तथा फौजदारी आरोपमा अदालतमा विचाराधिन मुद्धाको अन्तिम फैसला नहुन्जेल दल तथा जनप्रतिनिधिको जिम्मेवारीबाट तत्काल निलम्बन गरि न्यायिक निष्पक्षता कायम गर्न गराउन पार्टिले प्रतिवद्धता जनाउनु पर्ने ।

२.६ आसन्न निर्वाचन सम्पन्न भएको ६ महिनाभित्र सम्पूर्ण ट्रेड यूनियन खारेज गरी निजामती कर्मचारीहरुको एउटैमात्र व्यावसायिक संगठन कायम पार्टिले प्रतिवद्धता जनाउनु हुन ।

२.७ मुलुकका वृहत्तरहितका लागि कुनैपनि वहानामा वन्द तथा हडताल गरिने छैन र त्यस्तो गर्नेकाविरुद्ध पनि विरोध गर्न पार्टिले प्रतिबद्धता जनाउनु पर्ने ।

आउनुहोस्, नेपालमा असल शासन स्थापनाका लागि सँगै मिलेर काम गरौं !

.............................

केदार खड्का

अध्यक्ष, GoGo Foundation



PO Box: 11229 New Baneshwor-10, Kathmandu, Nepal Tel/Fax: +9771 4472929 Email: gogo-foundation@hotmail.com www.gogofoundation.org